स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायिका समीक्षा अधिकारीको स्वर रहेको गीत 'कुन देवको सृष्टि हौ' सार्वजनिक भएको छ। गीत गायनमा समीक्षालाई बिन सुवेदीले साथ दिएका छन्। गीतकार तथा मोडल भुवन लोहनीको शब्द रहेको गीतमा क्रिसमस २०२४को अवसर सार्वजनिक गरिएको हो। गीतमा वसन्त सापकोटाले सङ्गीत दिएका छन्। गीतको भिडियोमा भुवन लोहनी र उषा उप्रेतीको अभिनय छ। प्रेम सम्बन्धलाई भिडियोमा कथानक रूपमा प्रस्तुत गरिएको छ।

**आजको विचार...**



न्यायिक...
(दुई पेजमा)

यज्ञराज पाण्डे



घोषणामै सीमित भएको आँचलको 'राजमहल' नेपाली फिल्मका लागि पाँचतारे होटल त्यति फापेको देखिँदैन। महंगो र आलिसान मानिने यस्ता होटलमा घोषणा भएका धेरैजसो फिल्म बन्न सकेका छैनन्। 'घुइँचो', 'दीपेन्द्र सरकार', 'रानी महल', 'सिइनी' जस्ता थुप्रै फिल्म पाँचतारे होटलमा तामझामसँग घोषणा भएर पनि बन्न सकेनन्। गत वर्षको पुषमा दरबारमार्गस्थित पाँचतारे होटल याक एन्ड यतिमा घोषणा फिल्म 'राजमहल' पनि निर्माण हुन सकेको छैन। स्रोतका अनुसार अब यो फिल्म बन्ने सम्भावना न्यून छ।

❐ वर्ष ३० ❐ अंक १५४ ❐ २०८१ पौष १२ गते शुक्रबार 27 December 2024, Friday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### झडपमा १७ जनाको मृत्यु

(रासस/एएफपी)

**बेरुत,** पुस ११/सिरियाको एक युद्ध पर्यवेक्षकले बुधबार टार्टस प्रान्तमा सुरक्षा बलले अपदस्थ नेता बशर अल-असदको नेतृत्वमा एक अधिकारीलाई पक्राउ गर्न खोजेपछि भएको झडपमा १७ जनाको मृत्यु भएको बताएको छ । सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सले सिरियाको नयाँ अधिकारीहरूका 'सामान्य सुरक्षा बलका १४ सदस्य' र 'तीन सशस्त्र व्यक्ति' खिरबेट अल-माजामा मारिएको बताएको छ । यसले पहिलेको नौ जनाको मृत्युको संख्यालाई बढाएको छ ।

# सवारी दुर्घटना : पाँच जनाको मृत्यु

हाम्रा संवाददाता

**पाल्पा,** पुस ११/देशका विभिन्न स्थानमा बुधबार र विहीबार भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा पाँच जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कपिलवस्तु, दाङ, बागलुङ, पर्सा, खोटाङमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा पाँच जनाको मृत्यु भएको हो ।




मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । लु.३८ प ४१४१

कपिलवस्तुको वाणगंगा नगरपालिका-१० मझौवास्थित सडकमा नम्बरको मोटरसाइकल दुर्घटना हुँदा चालक शुद्धोधन गाउँपालिका-४ बस्ने ३२ वर्षीय अक्रम हुसेनको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको क्रिमशन अस्पताल मणिग्राम बुटवलमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै दाङको गढवा गाउँपालिका-५ कक्रहवास्थित सडकमा अटो दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । रा.१ ह ५९०४ नम्बरको अटो अनियन्त्रित भई दुर्घटना हुँदा अटोमा सवार राजपुर गाउँपालिका-३ भैसहवाका ५० वर्षीय तुलाराम विकको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका अटोमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । अटो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै बागलुङको गल्कोट नगरपालिका-८ जोईढुङ्गास्थित सडकमा बोलेरो पिकअप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । लु.३ च १८९१ नम्बरको बोलेरो पिकअप अनियन्त्रित भई दुर्घटना हुँदा बोलेरोमा सवार नवलपरासी पूर्व कावासोती नगरपालिका-३ बस्ने ५१ वर्षीय सुर्य बहादुर भण्डारीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको नगर अस्पताल गलकोटमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । बोलेरो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै खोटाङको केपिलासगढी गाउँपालिका-३ राखी तापखोलास्थित सडकमा सुमो दुर्घटना भएको छ । ना.१ ज ७१८१ नम्बरको सुमो दुर्घटना हुँदा सुमोमा सवार सोही गाउँपालिका-१ बस्ने ७३ वर्षीय दुर्गा प्रसाद राईको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । सुमो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै पर्साको वीरगंज महानगरपालिका-२५ बहुअरीस्थित सडकमा नम्बर नखुलेको सवारी साधनले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । नम्बरको नखुलेको सवारी साधनले ना.२५ प ९०९१ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार बारा सुवर्ण गाउँपालिका-२ कवही टोल बस्ने प्रमोद मिश्राको छोरा १६ वर्षीय राज मिश्राको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको नारायणी अस्पताल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीले मोटरसाइकल चालकलाई नियन्त्रणमा लिई हाल फरार रहेको सवारी साधनको खोजी गरिरहेको छ ।




## छत्रकोटमा पहिलो पटक जिपलाईन निर्माण



**तम्घास (गुल्मी),** पुस ११/जिल्लाको छत्रकोट गाउँपालिकामा जिपलाइन सञ्चालन हुँदै छ । गाउँपालिका-३ स्थित देवालय मन्दिरबाट देवीभगवती मन्दिरसम्म पुग्नेगरी जिपलाइन निर्माण गरिएको हो ।

'रुरु रेसुङ्गाको धार्मिक आश, छत्रकोटमा बसौँ बास' भन्ने नाराका साथ छत्रकोटलाई पर्यटकीय गन्तव्य बनाउने उद्देश्यले पालिकाले जिपलाइन निर्माण गरेको गाउँपालिकाका अध्यक्ष रामप्रसाद पाण्डेले बताए । 'पालिकाभित्र रहेका धार्मिक एवं पर्यटकीयस्थलको प्रचार-प्रसार गर्दै पर्यटक प्रवर्द्धनमार्फत आम्दानी गर्ने लक्ष्य लिएका छौँ', उनले भने, 'रोजगारी सिर्जनाका लागि जिपलाइन निर्माण गरेका हौँ ।' अध्यक्ष पाण्डेका अनुसार जिल्लामा पहिलो पटक निर्माण गरिएको जिपलाइन आजदेखि औपचारिक रूपमा सञ्चालनमा आउनेछ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## किसानलाई रुवाएर देश समृद्ध बन्दैन

अर्थतन्त्रको मुख्य आधार कृषि हो । देशको अर्थतन्त्रको ठूलो हिस्सा समेत कृषिले नै ओगटेको छ । कृषि कर्मलाई संवेदनशील पेसाको रुपमा हेरिएको पाइन्छ । उत्तम खेती, मध्यम व्यपार र तल्लो श्रेणीमा नोकरी भन्ने भनाइ पनि छ । तर राज्य तवरबाट यही पेशा गर्नेहरु पीडित छन् । कहिले दूधको पैसा पाइएन भनेर किसान सडकमा धर्ना बस्न बाध्य छन् । कहिले गोलभेँडाको मूल्य पाइएन भनेर सडकमै भ्याँक्न विवश छन् । कहिले व्यापारीले उखुको पैसा दिएन भनेर भोकै चिच्याउन बाध्य पारिएका छन् । अनि कहिले धान र अन्य उत्पादनको उचित मूल्य पाइएन भनेर सडकमै रोइकराइ गरिरहेका भेटिन्छन् । जुनसुकै सरकारले पनि किसानलाई नरुवाएको विगत छैन् ।

वास्तविक किसान राज्यको सेवासुविधाप्रति सचेत भएको पाइँदैन । किसानका लागि दिने सुविधा समेत मध्यस्थकर्ताले लिने गरेका छन् । किसानलाई बजार सूचनाको पहुँच हुन सकेको छैन् । कृषि उत्पादनको ग्रेडिङ र प्याकेजिङ गर्ने विषयमा आवश्यक ज्ञान हुन नसकेको र ढुवानी र संग्रहमा समस्या देखिन्छ । उत्पादनको ब्राण्डिङ र गुणस्तर जाँच गर्ने र कृषिका नयाँ–नयाँ उत्पादनको ज्ञान र सीपको तालिम सरकारले पर्याप्त दिन सकेको छैन् । बजारमा बिचौलियाको माध्यमबिना किसानले कृषि उत्पादनको बिक्री गर्न नसक्ने अवस्थाले उत्पादनको उचित मूल्य पाउन नसकेको र उपभोक्ताले महँगोमा कृषि वस्तुको उपभोग गर्नु परेको छ । यो अत्यन्त दुखद् हो । बिचौलियाले नै राखिदिएको मूल्यमा आफ्नो उत्पादन बेच्दा पनि भुक्तानी लिन वर्षौं कुर्नुपर्छ ।

कतिपय किसानले वर्षौं कुर्दा पनि भुक्तानी पाएका छैनन् । भुक्तानी लिन समेत आन्दोलन गर्नुपर्ने अवस्था छ । आन्दोलन गर्दा पनि दूध र उखु किसानले भुक्तानी नपाएका वर्षौं बितिसकेको छ । तर पनि किसानप्रति सरकार संवेदनशील नहुँदा अहिलेसम्म उनीहरूले पाउन सकेका छैनन् । जसले गर्दा कृषितर्फ किसानको आकर्षण घट्दो छ । कृषिबाट नै देशको आर्थिक समृद्धि गर्न सकिन्छ भन्ने बुझेको सरकारले किसानाका पिडा र मर्कामा बेखबर छ । यसो हुनु गलत हो । कुनै पनि किसानलाई रुवाएर समृद्धि हासिल हुन सक्दैन भन्ने वास्तविकताको हेक्का सरकारले राख्नुपर्छ । यसो भयो भने मात्र देशको आर्थिक विकास हुन सक्छ ।

## Opinion @ Social Network

जब बत्तीमा पुतलीहरु खरानी भएको देख्छु लाग्छ
जिन्दगी यस्तै हो रैछ खुसी खोज्दा खोज्दै खरानी हुने ।
(*सुमन पाण्डेकोफेसबुक स्टाटसबाट* *https://www.facebook.com/Suman.Panday*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# न्यायिक जगत्‌बाटै स्वतन्त्रता खोजिरहेको न्यायालय



**यज्ञराज पाण्डे**

लोकतन्त्रको सुदृढीकरणका लागि न्यायिक स्वतन्त्रता आधारभूत आवश्यकता हो । न्यायालयको स्वतन्त्रता भनेकै नागरिक अधिकारको रक्षा र विधिको शासनको सुनिश्चितता भएकाले पनि न्यायिक स्वतन्त्रतालाई प्रजातान्त्रिक शासन व्यवस्थाको आधारभूत आवश्यकताका रूपमा लिइन्छ । न्यायिक स्वतन्त्रताउपरको हस्तक्षेप पारदर्शी न्यायउपरको शंका हो, न्यायालयप्रति जनविश्वासको ह्रास हो । न्यायालय स्वतन्त्र नहुँदा यसले जनविश्वास गुमाउँछ, तानाशाही मौलाउँछ, न्याय भन्ने चिजकै अवसान हुन्छ । पछिल्लो समय न्यायालयमा देखिएको हस्तक्षेपले त्यही रूपलाई उजागर गरेको छ ।

**न्याय परिषद्ले निम्त्याएको राजनीतिक हस्तक्षेप :** राजाबाट नियुक्ति बक्सने न्यायाधीशको पदलाई स्वेच्छाचारी नियुक्तिबाट उन्मुक्ति दिलाउन तत्कालीन राज्य व्यवस्थाले न्यायाधीश सिफारिसका लागि भनेर २०४७ सालको संविधानमा समावेशी न्याय परिषद् गठनको व्यवस्था गरिदियो । तर, व्यक्तिविशेषको स्वार्थीपनाले परिषद्वाला प्रणालीलाई नै विकृत तुल्याइदियो । न्याय परिषद्मा प्रधानन्यायाधीश अध्यक्षसहित पाँचजना रहने व्यवस्था गरिएकोमा तीनजना न्यायाधीश र बाँकी दुईजना 'प्राइभेट प्राक्टिस' गरिरहेका वकिलहरूलाई चयन गर्ने व्यवस्था गरिए पनि परिषद्को निर्णयमा प्रधानन्यायाधीशको निर्णय नातावादप्रति बढी हावी भएको दृष्टान्त त्यस परिषद्बाट भएका पहिलो दुई सिफारिसहरूबाट देखियो । राजनीतिक दलहरूले न्याय परिषद्को त्यो संरचनालाई परिवर्तन गरेर दुईजना मात्रै न्यायाधीश रहने गरी २०६३ सालको संविधानमा परिषद् गठनको व्यवस्था गरेर न्यायपालिकालाई 'राम्रै सबक' सिकाइदिए । यो टकराव न्यायिक नेतृत्व र राजनीतिक दलहरूबीच थियो । तर, त्यसको मारमा न्यायालय पऱ्यो । न्यायाधीश सिफारिस गर्नेमा प्रधानन्यायाधीश अल्पमतमा परे । राजनीतिक नेतृत्व निर्णयकारी भइदियो । न्याय परिषद्को यो व्यवस्थाले न्यायालयमा राजनीति मौलायो । 'कोर्स करेक्सन' २०७२ सालको संविधान जारी हुनुअघि हुनुपर्थ्यो तर त्यसो हुन सकेन । न्यायकर्मीहरूबाट न्याय परिषद्मा बहुमत रहने गरी न्यायिक नेतृत्वले अग्रसरता लिनुपर्नेमा त्यसो भएन । राजनीतिक नेतृत्वले त त्यसै बखत न्यायालयलाई संसद्अन्तर्गत राख्न प्रयास गरिरहेकाले नेताहरूबाट न्यायिक स्वतन्त्रताका लागि न्याय परिषद्लाई न्यायाधीशको बहुमतमा स्थापना गर्ने व्यवस्था गर्ने कुरा कल्पनाभन्दा बाहिरको कुरा थियो । न्यायिक नेतृत्वले त्यसको अग्रसरता लिएको भए सम्भव हुन सक्थ्यो, त्यसो नहुँदा न्याय परिषद्मा राजनीति हावी हुने कदमले २०७२ सालको संविधानमा पनि वैधानिकता पायो ।

**न्यायालयबाटै न्यायिक स्वतन्त्रताउपर खतरा :** कतिपय अवस्थामा न्यायालयबाटै न्यायालयलाई खतरा निम्त्याउँदा न्यायिक स्वतन्त्रतामाथि आक्रमण भइरहेको छ । खिलराज रेग्मी प्रधानन्यायाधीश हुँदा न्यायिक स्वतन्त्रताका लागि अत्यावश्यक मानिएको शक्ति पृथकीकरणको धज्जी उडाइयो । एकै व्यक्ति न्यायपालिकाको पनि प्रमुख र कार्यपालिकाको पनि प्रमुख हुनुपर्ने अवस्थाले न्यायालयको स्वतन्त्रतामाथि नै प्रहार गर्ने काम भयो । न्यायालय नेतृत्वविहीन अवस्थामा पुग्यो । रेग्मीको मन्त्रिपरिषद्को अध्यक्षका रूपमा इतिहास लेखियो तर न्यायालय टुहुरो अवस्थामा पुग्यो, न्यायालयका न्यायाधीशहरू राजनीतिले जे चाहन्छन् त्यस्तै उद्देश्यमा लिप्त भइदिन्छन् भन्ने सन्देश प्रवाह भयो, न्यायकर्मीहरूलाई आफू अनुकूल चलाउन राजनीतिकर्मीहरूलाई हौसला मिल्यो । अर्को अवस्था चोलेन्द्र शमशेर राणा प्रधानन्यायाधीश हुँदा देखा पऱ्यो जुन बेलामा उहाँले मन्त्रिपरिषद्मा एकजना मन्त्री नियुक्तिका लागि आफूले बार्गेनिङ गरे भन्ने हल्ला बाहिर आयो । यो कार्यले त स्वयं प्रधानन्यायाधीश राणाउपर महाभियोग दर्ता हुनेसम्मको परिस्थिति निम्त्यायो । नेपाल बार एसोसिएसनले उहाँको विरोधका शृंखलाबद्ध आन्दोलनका कार्यक्रमहरू सञ्चालन गऱ्यो । नेपालको न्यायिक इतिहासमा बारले सशक्त विरोध गरी स्वयं सहकर्मी न्यायाधीशहरूबाट आलोचित बनेर संसद्ले महाभियोग दर्ता गराई बिदा भएका प्रधानन्यायाधीशका रूपमा राणा स्थापित भए । यो अर्को कारण थियो जसले नेपालको न्यायपालिकालाई झनै कमजोर बनाइदियो । मुद्दा सुनुवाइका क्रममा गोलाप्रथा अपनाउनुपर्ने प्रणाली नेपालको न्याय प्रणालीमा स्वयं न्यायपालिका र त्यसको नेतृत्वलाई गरिएको अविश्वासको प्रतिफल हो । संविधानले नै न्याय प्रशासनको कामकारबाहीको जिम्मेवारी प्रधानन्यायाधीशलाई तोकिएकोमा स्वयं प्रधानन्यायाधीशले गठन गर्ने इजलासमाथि अविश्वास गरेर गोलाप्रथामा जानु भनेको न्याय प्रशासनको कार्यलाई प्रभावकारी बनाउने दायित्व बोकेका प्रधानन्यायाधीशमाथि अविश्वास गर्नु हो । प्रधानन्यायाधीशलाई नै अविश्वास गरेर विकल्पका रूपमा अपनाइएको गोलााप्रथाले स्वतन्त्र न्यायपालिकाको जगलाई कदापि बलियो बनाउन सक्तैन । कुनै बेला विभेदकारी प्रधानन्यायाधीश आए भनेर तिनको विकल्पका रूपमा अर्को प्रणाली अपनाउनु, आफ्नै प्रधानन्यायाधीशमाथि न्यायपालिकाले विश्वास नगर्नु न्यायपालिकालाई कमजोर बनाउने कार्य हो, व्यक्तिविशेषका आधारमा प्रणाली भत्काउन खोज्नु न्यायपालिकालाई स्वतन्त्र होइन कमजोर बनाउने प्रपञ्च हो । यो तितो सत्यलाई अस्वीकार गरेर कोही कतै पुग्दैन ।

**न्यायपालिकाको जिम्मा न्यायपालिकालाई देऊ :** नेपाल बार एसोसिएसनको कार्यसमितिले राजनीति गर्नु न्यायपालिकाको स्वतन्त्रताको अर्को चुनौती हो । न्याय परिषद् वा नेपाल बार काउन्सिल जुनसुकै न्यायिक संस्थाहरूमा नेपाल बारबाट हुने सिफारिसका पदमा राजनीति गर्ने वकिलहरूलाई सिफारिस गरिँदै आएको छ । विशुद्ध कानुन व्यवसायमा संलग्न हुनुपर्ने वकिलहरूले नेपाल बारको चुनावमा दलीयरूपमा कित्ताकाट भएर राजनीतिक दलका प्रमुख नेताहरूले नै बारका पदाधिकारीहरूलाई उम्मेदवारीको टिकट प्रदान गर्ने र स्वतन्त्ररूपमा कानुन व्यवसाय गर्नेभन्दा दलीय राजनीतिमा लिप्त भएका 'नेता वकिल'हरूलाई नेपाल बारको निर्वाचनमा प्रतिनिधिका रूपमा उम्मेदवारी दिइने र दलका आधारमा बारको चुनावमा पनि गठबन्धन गरिने परम्पराले न्यायालयलाई राजनीतिकरण गरिएको छ । त्यसरी निर्वाचित भएर आएको नेपाल बारले न्याय परिषद्मा आफ्नो प्रतिनिधि सदस्य पठाउँदा जुन दलको कित्ताबाट निर्वाचन जितिएको हो सोही दलको 'नेता वकिल'लाई न्याय परिषद्को सदस्य बनाइँदा त्यसले न्यायपालिकामा चर्को राजनीतिकरण निम्त्याएको छ । यसबारे सबै न्यायकर्मीहरूलाई जानकारी छ तर त्यसको रूपान्तरणबारे कार्य गर्नुपर्ने अग्रसरता कसैले लिएको छैन, स्वतन्त्र न्यायपालिकाका लागि यो लज्जास्पद कुरा हो । भारतीय न्यायालयले न्यायालयको स्वतन्त्रताका खातिर न्यायाधीश नियुक्तिलाई न्यायालयकै मातहत ल्याउन 'कलेजियम'को गठन गरेको छ । यसले न्यायालयमा आउने न्यायाधीशहरूको निर्क्योल न्यायिक नेतृत्वबाटै होस् भन्ने उद्देश्य बोकेको छ । त्यही भारतीय न्यायिक प्रणालीबाट प्रभावित नेपालको न्याय प्रणालीमा भने न्याय परिषद्मा राजनीतिकरणले जरो गाड्दासमेत यसमाथि पुनर्विचार गरिएको छैन । 'प्राइभेट' वकिलबाटै सर्वोच्चमा न्यायाधीश नियुक्ति गर्नु गलत अभ्यास साबित भइरहेको छ । यो कार्यबाट 'करियर जज'हरू 'डिमोटिभेट' भएका छन् । न्याय परिषद्ले योग्य व्यक्तिलाई भन्दा पार्टीका भ्रातृ संगठनमा भएका वा सक्रिय राजनीति गरिरहेका 'नेता वकिल'हरूलाई न्यायाधीश बनाएर पठाउनु स्वतन्त्र न्यायालयमाथिको ठाडो हस्तक्षेप हो । त्यस्ता व्यक्तिहरूलाई सर्वोच्चमा न्यायाधीश नियुक्ति गरिँदा सर्वोच्चका मुद्दाहरूमा समेत त्यसले ठूलो प्रभाव पारिरहेको छ । त्यसले नै 'बेञ्च सपिंग'लाई प्रश्रय दिएको छ । न्याय सेवामा प्रवेश गरेर न्यायाधीश हुँदै प्रधानन्यायाधीश बन्ने एक न्यायकर्मीको उद्देश्यमा रोक लगाएको छ । 'नेता वकिल' भइयो भने मात्रै न्यायाधीश भइन्छ भन्ने भाष्य निर्माण भएको छ, योग्य न्यायकर्मीहरूलाई पनि राजनीतिको फेरो समाउन बाध्य पारिएको छ । यसले न्यायिक स्वतन्त्रतालाई प्रभाव पारेको छ । यस विषयमा बहस नगर्ने तर 'न्यायालय स्वतन्त्रता'को रटान लगाइरहने नेपाल बारको परम्परागत अभ्यास बनेको छ ।

**आवश्यक एक आँटिलो प्रधानन्यायाधीशको :** प्रधानन्यायाधीशले चाहेमा न्यायालय स्वतन्त्र हुन सक्छ, न्यायालयभित्रका विकृति निमिट्यान्न हुन सक्छन् भन्ने तथ्य न्यायपालिकाको विकृति र विसंगतिको अध्ययन गर्ने विभिन्न कार्यदलहरूले प्रतिवेदन पेश गरेका छन् । प्रधानन्यायाधीशले अडान लिएमा न्यायालयको स्वतन्त्रतामाथि कसैले धावा बोल्न सक्दैन । न्यायालयभित्र विकृति र राजनीति स्वयं प्रधानन्यायाधीशहरूले नै निम्त्याइरहेका छन् । जुन प्रधानन्यायाधीशले आफ्ना न्यायकर्मीहरूको करियरलाई सुरक्षित बनाउँदै न्यायिक स्वतन्त्रताको बलियो जग बसाउन सक्दैन त्यसले न्यायिक नेतृत्व गर्ने ल्याकत राख्दैन । राजनीतिक पृष्ठभूमिबाट प्रधानन्यायाधीश भएकाहरूबाट न्यायालय स्वतन्त्र हुन सक्दैन । यो सत्यलाई स्वीकार नगरिएसम्म स्वतन्त्र न्यायपालिकाको जति रटान लगाए पनि त्यसले सार्थकता प्राप्त गर्दैन । राजनीतिक रंगबाट विमुख भएर एउटा प्रधानन्यायाधीशले आँट गर्न सक्यो भने न्यायिक स्वतन्त्रता सम्भव छ । न्याय परिषद्मा प्रधानन्यायाधीशले चाहेको निर्णय हुन सक्नुपर्छ । प्रधानन्यायाधीशलाई अविश्वास गरी न्यायालय स्वतन्त्र बनाउने कुरा दिवास्वप्न हो । न्यायालयमा हुने न्यायाधीश नियुक्तिको अन्तिम जिम्मेवारी प्रधानन्यायाधीशमै रहनुपर्छ । प्रधानन्यायाधीशमाथि विश्वास नभए वकिलहरूले प्रधानन्यायाधीश हटाउनतिर लाग्ने हो तर प्रधानन्यायाधीशमाथि अविश्वास गरेर कोही कतै पुग्दैन । संस्था बलियो बनाए प्रणाली बलियो बन्छ, संस्था नै कमजोर भए प्रणाली भत्किन्छ । यसर्थ प्रधानन्यायाधीश निर्णायक शक्ति हुनैपर्छ, उसले आफूले चाहे जस्तो स्वतन्त्र न्यायालय गठन गर्न पाउनुपर्छ । होइन भने प्रधानन्यायाधीश स्वयंले 'नोट अफ डिसेन्ट' लेख्ने आँट गर्न सक्नुपर्छ । चाहे त्यो संवैधानिक परिषद्मा प्रतिनिधित्व गर्दा होस् वा न्याय परिषद्मा प्रतिनिधित्व गर्दा किन होस् । प्रधानन्यायाधीश नै बलियो र आँटिलो नभएको राज्यमा न्यायिक स्वतन्त्रताको कुरा गर्नु बेफजुलको गफमात्र हो ।

**व्यक्तिगत स्वार्थ त्यागेर प्रणालीको विकासमा साझा प्रण :** 'मानिसहरूले तिम्रो स्तुति गरून् वा निन्दा, लक्ष्य तिमीप्रति कृपालु होस् वा नहोस्, तिम्रो मृत्यु आजै होस् वा एक युगपछि परिस्थिति जास्तोसुकै होस् न्यायको पथबाट कहिल्यै विचलित नहोऔं' यो प्रचलित सूक्तिले न्यायिक स्वतन्त्रतामा न्यायकर्मीहरूलाई दायित्वबोध गराएको छ । न्याय प्राकृतिक रूपमा अविच्छिन्न अवधारणा हो भने स्वतन्त्र न्यायालय न्यायको आधार हो । न्यायपालिकाप्रति जनविश्वास रहनु नै न्यायिक स्वतन्त्रताको मेरुदण्ड हो । यसलाई परास्त गर्ने हरेक कार्यहरू गैरन्यायिक कार्य हुन्, गैरन्यायिक कार्यलाई निस्तेज गर्नु हरेक न्यायकर्मी र कानुनकर्मीहरूको उत्तरदायित्व हो । दायित्वबाट पन्छिने कार्य पेशा र कर्मप्रति बेइमानी हो । मानव अधिकारको रक्षाका लागि न्यायिक स्वतन्त्रता नै कवच भएकाले न्यायिक स्वतन्त्रताविरोधी कार्य मानव अधिकारविरोधी कार्य हुन् । स्वतन्त्र न्यायालयप्रति प्रतिबद्ध नहुने हो भने न्यायको अवसानमा हामी सबै कानुन र न्यायकर्मीहरू प्रत्यक्ष साक्षी हौँ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यक्षेत्रमा लाभका अवसरहरू प्राप्त हुनेछन्। साझेदारी व्यापारमा लाभ मिल्नेछ। | **तुला** : समय उत्साहजनक रहनेछ। विशेष योजनाहरू सार्वजनिक नगर्नुहोला । |
| **वृष** : नयाँ कामको थालनी हुनेछ । शुभ यात्राको योग छ । | **वृश्चिक** : आफन्तको सहानुभूति मिल्नेछ। मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **मिथुन** : मनमा उत्साह सिर्जना हुनेछ । प्रेम र मित्रताको बन्धन कसिने बेला छ। | **धनु** : परिबन्धनमा परिने तथा भै झगडा हुने अधिक सम्भावना रहेको छ । |
| **कर्कट** : बोलीको प्रभाव पनि बढ्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । | **मकर** : वैदेशिक कार्य अघि बढ्नेछ । आफन्तसँग भेटघाट पनि रहला । |
| **सिंह** : कार्यक्षेत्रमा राम्रो सद्भाव पाइनेछ। भ्रमणको योग रहेको छ। | **कुम्भ** : कार्यमा सफलता मिल्नेछ । मनमा शान्ति छाउनेछ । |
| **कन्या** : कार्यक्षेत्रमा सफलता मिल्नेछ। व्यापारमा नोकरीबाट धनार्जनका योग छन्। | **मीन** : पेशामा अज्ञात भय रहनेछ। वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ। |

## स्वास्थ्य चर्चा

# परिवारमा बढ्दो दूरी : कसरी समाधान गर्ने ?



अहिले धेरै परिवारमा तनाव र असमझदारी बढ्दै गएको छ । कहिलेकाहीँ सानातिना कुरामा झगडा हुन्छ र यस्ता झगडाका कारण भावनात्मक दुरी यति बढ्छ कि एक अर्काको पीडा बुझ्नै सक्दैनौँ । जसका कारण सम्बन्धमा तनाव उत्पन्न हुन्छ । यस्तो अवस्थामा सम्पूर्ण परिवारको शान्ति खोसिन्छ र सबैजना तनावपूर्ण वातावरणमा बाँचिरहेका हुन्छन् । मानिसहरूले एकअर्कासँग चीजहरू साझा गर्न छोड्छन् । उनीहरूले आफ्ना समस्याहरूलाई भित्रभित्रै दबाएर राख्छन् । यसले समस्या झन् बढाउँछ । हामीले जीवनको एउटा हिस्सा भएको माया र समझदारी घट्दै गएको महसुस गर्न थाल्छौँ । हामी त्यो खुसी परिवारमा फर्काउन चाहन्छौँ, जुन हाम्रो सम्बन्धको विशेषता थियो। यद्यपि, यो सजिलो छैन ।

**परिवारमा तनाव किन बढ्छ ?**

पारिवारिक सम्बन्धमा तनाव बढ्नुको मुख्य कारण भनेको सञ्चारको कमी, भावनात्मक सम्बन्धको कमी र नसुनी समाधान दिने र सल्लाह दिने बानी हो । जब परिवारका सदस्यहरूले एक अर्काको कुरा सुन्दैनन् वा आफ्ना भावनाहरू ठिकसँग साझा गर्दैनन्, सम्बन्धमा दूरी उत्पन्न हुन्छ । यसबाहेक, विगतको अनुभव र परिपक्वताको कमीले पनि तनाव निम्त्याउँछ । कहिलेकाहीँ हामी एकअर्कालाई पुरानो ढंगले बुझ्ने प्रयास गर्छौं, यद्यपि यस अवधिमा हामी दुवैको विचार र दृष्टिकोणमा परिवर्तन आइसकेको हुन्छ। माया र सम्मानको कमीले पनि सम्बन्ध कमजोर हुन्छ । परिवारका सदस्यहरूको आवश्यकता र भावनालाई सम्मान गर्ने र आपसमा खुलेर कुरा गर्ने हो भने पारिवारिक तनाव कम हुन सक्छ र सम्बन्धमा शान्ति र सद्भाव कायम रहन्छ ।

**पारिवारिक सम्बन्ध कसरी सुधार गर्ने ?**

पारिवारिक सम्बन्धमा भावनात्मक घनिष्ठता बढाउन पहल गर्नु सबैभन्दा महत्त्वपूर्ण छ । यदि तपाईं आफैँले पहल गर्नुभयो भने, परिवारले तपाईँलाई सकारात्मक उदाहरणको रूपमा देख्नेछ । घनिष्ठ सम्बन्ध हुनुको मतलब सबै समान छन् भन्ने होइन कुरा बुझ्न महत्त्वपूर्ण छ । प्रत्येक परिवारको सदस्यको आफ्नै आवश्यकता र अद्वितीय विशेषताहरू छन् । पारिवारिक सम्बन्ध सुधार गर्न, तपाईंले सुन्न सिक्नुपर्छ, सहानुभूति देखाउनुपर्छ र परिवारका सदस्यहरूलाई भावनात्मक समर्थन प्रदान गर्नुपर्छ । साथै, प्रत्येक सदस्यको जीवनलाई बुझ्ने र परिवर्तनलाई स्वीकार गर्नाले पनि सम्बन्धलाई गहिरो बनाउँछ । प्रेम देखाउनु, गल्तीहरू स्वीकार गर्नु, र प्रत्येक व्यक्तिको भावनात्मक आवश्यकताहरू बुझ्नले पारिवारिक सम्बन्धलाई बलियो बनाउन मद्दत गर्दछ ।

**हुर्किएका बच्चाहरूको स्वतन्त्रताको सम्मान गर्नुहोस्**

अहिले घरका छोराछोरी हुर्किसकेका छन् । जति चाँडो तपाईंले यसलाई स्वीकार गर्नुहुन्छ, तपाईं दुई बिचको सम्बन्ध राम्रो हुनेछ । यो बुझ्न महत्त्वपूर्ण छ कि उनीहरूलाई स्वतन्त्रता र गोपनीयता चाहिन्छ । बढ्दै जाँदा, तिनीहरूले आफ्नो पहिचान, प्राथमिकता र विचारहरू विकास गर्छन्। त्यस कारण, बच्चाहरूसँग अन्तरक्रिया गर्दा सहानुभूति र समझ देखाउनुहोस् । उनीहरूलाई आफ्नो निर्णय आफै लिने र आफ्नै सर्तमा जीवन जिउने अधिकार दिनुहोस् ।

कुनै पनि नयाँ काम गर्दा घरका छोराछोरीबाट सल्लाह लिनुहोस् र उनीहरूको विचारलाई सम्मान गर्नुहोस् । परिवर्तनशील समयमा, बच्चाहरूले नयाँ चीजहरू राम्रोसँग बुझेका छन् । तपाईं आफ्नो आशा र अपेक्षाहरूमा पनि लचिलो हुनुपर्छ । बालबालिकाको जीवनमा परिवर्तन र चुनौतीहरू आउन सक्छन् । उनीहरूको अनुभव बुझ्ने प्रयास गर्नुपर्छ । तिनीहरूको जीवनमा साथी बनेर, तपाईंले निर्णयहरू लिने प्रयास नगरी तिनीहरूलाई सही मार्गदर्शन दिन सक्नुहुन्छ । बालबालिकासँग खुलेर कुरा गर्ने वातावरण सिर्जना गर्नुहोस्, ताकि उनीहरूले बिना कुनै हिचकिचाहट आफ्ना विचार र भावनाहरू साझा गर्न सकून् ।

**लामो दूरीका सम्बन्ध सुधार गर्नुहोस्**

परिवारमा सबैको सोच्ने र हेर्ने आ-आफ्नै तरिका हुन्छ । कहिलेकाहीँ यसले सम्बन्धमा दुरी सिर्जना गर्छ, तर यसलाई सुधार गर्ने केही सजिलो उपायहरू छन् । पहिलो, हामीले आफैँमा समझको विकास गर्नुपर्छ ।

एक अर्काको भावना बुझ्ने कोसिस गर्‍यौं भने फरक ठाउँमा बस्दा पनि सम्बन्ध राम्रो रहन्छ । धेरै पटक परिवारका सदस्यहरू विभिन्न ठाउँमा बस्छन् । यस्तो अवस्थामा कुराकानी कम हुन्छ र सम्बन्धमा दुरी बन्न जान्छ । यस्तो अवस्थामा केही महिना वा वर्षमा एकपटक सँगै समय बिताउँदा पनि सम्बन्ध बलियो हुन्छ । सानातिना कुरामा पनि सम्पर्क कायम राख्ने । फोन कल, म्यासेज र चाडपर्वमा सम्पूर्ण परिवारको जमघट वा भेटघाटले सम्बन्धलाई गहिरो बनाउँछ । एक अर्काको भिन्नतालाई स्वीकार गर्नुपर्छ । परिवारमा मानिसहरू सधैं एकनास हुँदैनन्, तर यो विविधताले सम्बन्धलाई अझ विशेष बनाउँछ । सम्झनुहोस्, सम्बन्ध तब टिक्छ जब हामी एक अर्कालाई सम्मान गर्छौं र बुझ्छौं ।

*-रातोपाटी डटकम*

# उठ्ने बित्तिकै पानी पिउँदा के हुन्छ ?



बिहान उठेपछिको तपाईंको दैनिकी के के हुन्छ रु सम्झनुहोस् तपाईंले आफ्नो स्वास्थ्यका लागि पनि केही गर्नुहुन्छ रु अरु धेरै पर्दैन नियमित खाली पेटमा एक गिलास पानी पिउनुभयो भने तपाईलाई निरोगी बनाउन ठूलो सहयोग मिल्नेछ ।

**नियमित खाली पेटमा पानी पिउँदा हुने पाइदा थाहा पाउनुहोस्**

-बिहानै उठेर पानी पिउँदा शरीरभित्रका हानीकारक तत्व सफा हुन्छ । रगत सफा हुन्छ । र छालासमेत स्वस्थ भई चमक आउँछ ।

-बिहानै पानी पिउने गरे शरीरलाई आवश्यक पर्ने तन्तु र कोशिका निर्माण हुँदै जान्छ । शरीरका मांसपेशीसमेत बलियो हुन्छ ।

-खाली पेटमा पानी पिउँदा मेटाबोलिज्म सक्रिय हुन्छ ।

यदि तपाई आफ्नो तौल घटाउन चाहनु हुन्छ भने बिहान पानी पिउन शुरु गरिहाल्नुस् ।

-बिहानै उठेर पानी पिउनेहरुमा कब्जियतका समस्या हुँदैन । बिहान पेट सफा भएपछि खाएको खाने कुराले शरीरलाई पूर्ण पोषण र शक्ति प्रदान गर्छ । कब्जियत नभएपछि पेटमा अन्य रोग लाग्ने सम्भावना न्यून हुन्छ ।

-बिहानै उठेर पानी पिउँदा घाँटी, पिसाब र मृगौला सफा भई अन्य रोगलाई समेत पन्छाउन सकिन्छ । त्यस्तै, महिलाहरुको महिनावारी समेत समयमै हुन्छ ।

*-इहिमालय टाइम्स डटकम*

# अण्डासँग नखानुहोस् यी ५ चिज, बिग्रन सक्छ स्वास्थ्य



अण्डा खाँदा एक मात्र होइन धेरै स्वास्थ्य लाभ हुन्छ । अण्डा उमालेर खाइन्छ, भुजिया वा ओमलेट खाइन्छ र रोटी वा भातसँग ग्रेभीमा हालेर पनि पकाइन्छ । अण्डा खाने धेरै तरिकाहरू छन् र यसले शरीरलाई धेरै फाइदाहरू प्रदान गर्दछ ।

अण्डाको पोषक तत्वको कुरा गर्दा अण्डालाई सुपरफुड भनिन्छ । यसमा प्रोटिन, एमिनो एसिड, भिटामिन र मिनरल्स राम्रो मात्रामा पाइन्छ । अण्डा प्राय: सादा खाइने भए पनि धेरै मानिसले अण्डालाई विभिन्न चीजमा मिसाएर खाने गर्छन् । अण्डा केही कुराले फाइदाजनक साबित हुन्छ तर धेरै यस्ता खानेकुरा छन् जससँग अण्डा खानु हुँदैन, नत्र तपाईको स्वास्थ्य बिग्रन सक्छ ।

**अण्डासँग नखाने खानेकुराहरू:**

**चिया :** अण्डासंग चियाको सेवनबाट बच्नुपर्छ । अण्डा र चिया सँगै खाँदा शरीरले अण्डाले प्रदान गरेको प्रोटिनलाई पूर्णतया अवशोषित गर्न सक्दैन । साथै, यो संयोजनले पेट दुख्ने र एसिडिटीको समस्या निम्त्याउन सक्छ ।

**दही :** दही र अण्डा पनि राम्रो खाना संयोजन होइन । यी दुई चिज सँगै खाँदा पाचन सम्बन्धी समस्या हुन सक्छ । अण्डा र दही दुवै प्रोटिनको राम्रो स्रोत हुन्, त्यसैले अधिक प्रोटिनले पेट खराब गर्न सक्छ ।

**सोया दूध :** शाकाहारी व्यक्तिहरूले विशेष गरी आफ्नो आहारमा सोया दूध समावेश गर्दछ । सोया मिल्कमा प्रचुर मात्रामा प्रोटिन हुन्छ र अण्डामा पनि प्रचुर मात्रामा प्रोटिन पाइन्छ । त्यसैले पेट खराब नहोस् भनेर यी दुई चिज सँगै सेवन नगर्न भनिएको छ ।

**चिनी र केला :** अण्डाको साथमा चिनी र केराको सेवनबाट जोगिनुपर्छ । अण्डा र चिनी मिसाउँदा निस्कने एमिनो एसिड स्वास्थ्यका लागि राम्रो मानिँदैन ।

यस कारणले पेटमा भारीपन महसुस हुन्छ र पाचन बिग्रन्छ ।

**सिट्रस फलहरू:** अण्डा संग सुन्तला वा कागती सेवन नगर्नु पर्छ। यी चिज सँगै खाँदा अपच मात्र होइन पेटसँग सम्बन्धित अन्य समस्याले पनि सताउन थाल्छ । *-डिसी नेपनल डटकम*


**नेपाल विद्युत प्राधिकरण**
**(नेपाल सरकारको स्वामित्व)**
**प्रसारण निर्देशनालय**
**मध्यम भोल्टेज ग्रिड विकास विभाग**
**कालीगण्डकी रिडी १३२ के.भी प्रसारण लाइन आयोजना**
**मिर्मी स्याङ्जा**

*विकास आयोजनालाई वन क्षेत्र प्रयोग गर्न दिने सम्बन्धमा वन ऐन २०७६ को दफा ४२(२) तथा वन नियमावली २०७९ को नियम ९१ को उपनियम १ प्रयोजनार्थ*

**वन क्षेत्रको जग्गा प्रयोग वापत आयोजनाले सट्टा भर्ना उपलब्ध गराउनु पर्ने जग्गा प्राप्ति गर्न आयोजनालाई जग्गा उपलब्ध गराउन ईच्छुक जग्गाधनीहरुबाट आशयको प्रस्ताव आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/१२**

नेपाल विद्युत प्राधिकरण, कालीगण्डकी रिडी १३२ के.भी प्रसारण लाइन आयोजनाले प्रसारण लाईन निर्माणको लागि वन क्षेत्रको जग्गा स्थायी/अस्थायी तवरले प्रयोग गरे वापत नेपाल सरकारलाई सट्टाभर्ना स्वरुप उपलब्ध गराउनु पर्ने ६ .२१ (छ दशमलव दुई एक) हेक्टर क्षेत्रफलमा नघट्ने गरी तपशिलमा उल्लेख भएका जिल्ला तथा स्थानहरुमा पर्ने गरी राष्ट्रिय वनसँग जोडिएको समान भौगोलिक र परिस्थितिकीय क्षेत्रमा पर्ने तथा वनको विकास गर्न सकिने भू-वनोट भएको निजी जग्गा उपलब्ध गराउन चाहने ईच्छुक व्यक्ति वा व्यक्तिहरुको समुहबाट आफुले दिन चाहेको जग्गाको प्रति रोपनी दररेट सहितको विवरण प्रष्ट खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय खुलेको दिन ४:०० बजेसम्म तपशिलमा उल्लेखित स्थानहरुमा वा ईमेलमा आईपुग्ने गरि जग्गा उपलब्ध गराउने आशयको प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न | विवरण | |
|---|---|---|
| १. | स्थान | पाल्पा जिल्लामा पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको क्षेत्र (कालीगण्डकी रिडी १३२ के.भी प्रसारण लाइन आयोजनाको निर्माण क्षेत्रमा पर्ने बगनासकाली गाउँपालिका तथा तानसेन नगरपालिका क्षेत्रमा पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको जग्गालाई बढि प्राथमिकता दिईनेछ ) । |
| २. | क्षेत्रफल | ६.२१ हेक्टरमा नघट्ने गरी |
| ३. | प्रस्ताव पेश गर्ने स्थान | -कालीगण्डकी रिडी १३२ के.भी प्रसारण लाइन आयोजनाको साइट कार्यालय: कालीगण्डकी गाउँपालिका वडा नं. ७ मिर्मी स्याङ्जा<br>-डिभिजन वन कार्यालय तानसेन पाल्पा<br>-जिल्ला प्रशासन कार्यालय तानसेन पाल्पा वा<br>आयोजनाको ईमेल(E-mail):<br>kgard132kv@nea.0rg.np, वा kgard132@gmail.com |

-प्रस्तावित जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपि, जग्गाधनीको नागरिकताको प्रतिलिपि, तिरो तिरेको रसिद र आफुले दिन चाहेको प्रति रोपनी जग्गाको दररेट समेत उल्लेख गरी खामबन्दी भएको हुनुपर्नेछ ।

-प्रस्तावकले खाम बाहिर जग्गा उपलब्ध गराउने सम्बन्धी प्रस्ताव भनी स्पष्ट लेखेको र सम्पर्क व्यक्ति र सम्पर्क नम्वर अनिवार्य उल्लेख भएको हुनुपर्नेछ ।


-प्रस्ताव वा निवेदन दर्ता गर्ने दिन विदा परेमा त्यसपछी कार्यालय खुलेको दिनमा माथि उल्लेखित समयमा दर्ता गर्न सकिनेछ ।

-जग्गा लिने तथा नलिने सम्बन्धी सम्पूर्ण अधिकार आयोजनामा निहित रहनेछ । साथै म्याद नाघि आएको वा रित नपुगेको प्रस्ताव माथि कुनै कारवाही गरिने छैन । साथै जग्गा प्राप्ति सम्बन्धमा नेपाल सरकारबाट जारी भएको ऐन, नियम आदिको पालना गर्नुपर्नेछ ।

-प्रस्तावमा कुनै कुरा अस्पष्ट एवं अधुरो भएमा सम्बन्धित जग्गाधनीसँग सम्पर्क गरि स्पष्ट गरिनेछ । उक्त स्पष्टता लिखित रुपमा लिइनेछ ।

**सम्पर्क नं. ९८४६६४९१२३, ९८५६०५१०५४**

# आज साँझदेखि हिमपात र वर्षाको सम्भावना




**पाल्पा,** पौष ११/आज शुक्रबार साँझदेखि देशका विभिन्न स्थानमा वर्षा तथा हिमपात हुने भएको छ । मौसम पूर्वानुमान महाशाखाले विहिबार हिउँदे मौसमको विशेष बुलेटिन २ जारी गर्दै देशका विभिन्न स्थानमा वर्षा तथा हिमपात हुने जानकारी दिएको हो ।

पश्चिमी न्यून चापीय प्रणालीका कारण शुक्रबार साँझदेखि मुलुकका धेरै स्थानमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको जनाएको हो । विभागले उक्त प्रणालीका कारण शुक्रबार अपरान्हदेखि शनिबारसम्म सुदूरपश्चिम र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका अधिकांश स्थान तथा गण्डकी, बागमती र कोशी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको जनाएको छ । साथै सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका धेरै स्थानहरू र लुम्बिनी प्रदेशका केही स्थानहरूमा हल्कादेखि मध्यम वर्षा तथा गण्डकी प्रदेश, बागमती प्रदेश, मधेश प्रदेश र कोशी प्रदेशका थोरै स्थानहरूमा हल्का वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ । साथै उक्त मौसम प्रणालीको असरले तापक्रम समेत घट्न गई चिसो बढ्न सक्ने सम्भावना रहेको छ । महाशाखाले वर्षा, हिमपात तथा चिसोका कारण दैनिक जनजीवन, स्वास्थ्य, पर्वतारोहण, हवाई/यातायात लगायत दैनिक जनजीवनमा समेत असर पर्न सक्ने देखिएकाले आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउन सबैमा अनुरोध गरेको छ ।

"वर्षा, हिमपात तथा चिसोका कारण दैनिक जनजीवन, स्वास्थ्य, पर्वतारोहण, हवाई यातायातलगायत दैनिक जनजीवनमा समेत असर पर्नसक्ने देखिएकोले आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउन महाशाखाले सबैमा अनुरोध गरेको छ", विभागले जारी गरेको बुलेटिनमा उल्लेख छ ।


## हार्दिक बधाई तथा शुभकामना



कमलराज तिमिल्सेना
अध्यक्ष



मुक्ति प्रशाद न्यौपाने
उपाध्यक्ष (खुल्ला)



बन्दना पोखरेल
उपाध्यक्ष (महिला)



रामचन्द्र रायमाझी
सचिव



दुर्गेश मल्ल
सह-सचिव (खुल्ला)



दानु बहादुर हिस्की
सह-सचिव (समावेशी)



विजय बौडेल
कोषाध्यक्ष

नेपाल पत्रकार महासंघ पाल्पाको अधिवेशनबाट हाम्रा शुभेच्छुक तथा जिल्लाका क्रियाशिल पत्रकारहरु कमलराज तिमिल्सेना अध्यक्ष,मुक्तिप्रसाद न्यौपाने उपाध्यक्ष, बन्दना पोखरेल उपाध्यक्ष, रामचन्द्र रायमाझी सचिव, दुर्गेस मल्ल, दानबहादुर हिस्की सह-सचिव, विजय बौडेल कोषाध्यक्ष र सदस्यहरुमा सुनिल कार्की, हरिबहादुर विक, नेत्र गैरे, दयाराज न्यौपाने, दीपक ढुंगाना, सुशीला रेग्मी, धनबहादुर ठाडा, केन्द्रीय परिषद् सदस्यहरुमा यज्ञमूर्ति तिमिल्सिना, राजेन्द्र लिगल, सीता डोटेल, प्रदेश परिषद् सदस्यहरुमा कृष्ण प्रसाद पोखरेल, दीपक भट्टराई, इमानसिंह राना, पवित्रा घिमिरे निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना** व्यक्त गर्दछौं ।

| सूर्य दर्शन पण्डित<br>प्रमुख प्रशासकीय अधिकृत | बालकुमारी थापा<br>नगर उप-प्रमुख | रमण बहादुर थापा<br>नगर प्रमुख |
|---|---|---|

एवं

**रामपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रामपुर, पाल्पा**

**रामपुर नगरपालिकाको अनुरोध**

१. आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
२. आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुर्‍याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधै सजग रहौं ।
३. आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
४. जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।


**खेलकुद समाचार**


## एनआरटी क्लब सेमिफाइनलमा



**काठमाडौं,** पौष ११/काठमाण्डौको एनआरटी क्लब पाँचथरको फिदिममा भइरहेको फाल्गुनन्द गोल्डकपको सेमिफाइनलमा पुगेको छ । बिहीबार भएको अन्तिम क्वाटरफाइनलमा एनआरटीले सिरहाको सहलेश युवा क्लबलाई पेनाल्टीमा ५-४ गोलले हरायो । योसँगै ११औं फाल्गुनन्द गोल्डकपको सेमिफाइनल समिकरण पूरा भएको छ । एनआरटीसँगै मच्छिन्द्र, चर्च ब्वाइज र आयोजक फिदिम सेमिफाइनलमा पुगेका छन् । फाइनलमा पुग्न भोलि चर्च ब्वाइजले आयोजक फिदिम स्पोर्टिङ क्लबसँग खेल्नेछ । त्यस्तै अर्को सेमिफाइनलमा एनआरटी र मच्छिन्द्रले खेल्नेछन् । गएको शनिवारदेखि शुरू भएको प्रतियोगिताको फाइनल खेल पुस १५ गते हुनेछ । प्रतियोगिताको विजेताले १० लाख पाँच सय ५५ रुपैयाँ तथा उपविजेताले पाँच लाख पाँच सय ५५ रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । हुनेछ । यस्तै हरेक टोलीमा १२ खेलाडी हुने त्यसमा ९ नेपाली र ३ विदेशी खेलाडी हुने खेतानले जानकारी दिए । पुरुष भलिबलको फ्रेन्चाइज लिगका लागि नेपाल भलिबल संघ र केडिया ग्रुपबीच गत जेठमा ७ वर्षको लागि सम्झौता भइसकेको छ । सम्झौता अनुसार केडिया ग्रुपले हरेक वर्ष नेपाल भलिबल संघलाई ३५ लाख रुपैयाँ प्रदान गर्नेछ । नेपालको भलिबल इतिहासमा पुरुषको फ्रेन्चाइज लिग पहिलो पटक हुन लागेको हो ।

**कर्पोरेट/अर्थ समाचार**

## सामान्य अंकले बढ्यो नेप्से



**पाल्पा,** पौष ११/नेप्से परिसूचक सामान्य अंकले बढेको छ । विहीबार ४ दशमलव १९ अंकले बढेको हो । नेप्से शून्य दशमलव १५ प्रतिशतले बढेर २ हजार ६ सय ३० दशमलव ७१ विन्दुमा बन्द भएको छ ।

कुल ७० कम्पनीको सेयर मूल्य बढ्यो भने १ सय ६३ कम्पनीको घट्यो । यस्तै ९ कम्पनीको मूल्य स्थिर रह्यो । विहीबार ६१ हजार ८ सय ३९ पटकको सेयर किनबेचबाट ५ अर्ब ३२ करोड ९२ लाख रुपैयाँको सेयर कारोबार भएको छ । कुल २ करोड ९ लाख ७८ हजार ९ सय ७९ कित्ता सेयर किनबेच भए । कुल १३ उपसमूहमध्ये चार वटा उपसमूह मात्रै बढ्यो । बाँकी उपसमूहहरु घटे । बढ्ने उपसमूहहरुमा बैकिङ, इन्भेष्टमेन्ट, लघुवित्त र व्यापार उपसमूह बढे । घट्ने उपसमूहहरुमा विकास बैंक, होटल तथा पर्यटन, हाइड्रोपावर, निर्जीवन बिमालगायत रहे । समग्र सेयर बजारको परिसूचक नेप्से बढ्दा विकास बैंक सेक्टर २ दशमलव ४८ प्रतिशत घट्यो । धेरै गुमाउने कम्पनीमा विकास बैंकका लगानीकर्ता अगाडि रहे । राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरेको भोलिपल्टबाटै यसको सेयर कारोबार रोक्का रह्यो । यस कम्पनीको सेयर हुनेहरुको सम्पत्ति अब बन्धक बनेको छ । विकास बैंकको व्यवस्थापन राष्ट्र बैंकले सम्हालेको छ । बिहीबार यसको प्रभाव अन्य विकास बैंकमा देखिएको छ । यस दिन १० प्रतिशत मूल्य घटेका तीन वटै कम्पनी विकास बैंक रहे ।

कर्पोरेट, नारायणी र सिन्धु विकास बैंकको सेयर मूल्य १० प्रतिशत घट्यो । यी विकास बैंकको सेयर बिक्रीका लागि अत्याधिक चाप परेपछि मूल्यमा उच्च गिरावट देखियो । यी तीन मात्रै होइन, यस दिन बजारमा सूचीकृत १५ वटै विकास बैंकको सेयर मूल्य घटेको छ । सप्तकोशी विकास बैंकको ९.४४, ग्रीन डेभलपमेन्टको ८.४०, एक्सल डेभलपमेन्टको ४.४२, मितेरीको ३.५४, कामना सेवाको १.७६, सांग्रिलाको १.४५, लुम्बिनीको १.४३, ज्योतिको १.०५, गरिमाको ०.९८, महालक्ष्मीको ०.५६, मुक्तिनाथको ०.४०, साइन रेसुङ्गाको ०.३६ प्रतिशत मूल्य घट्यो ।

## छत्रकोट पर्यटकीय गन्तव्य...

...छत्रकोटले निर्माण गरेको जिपलाइन सबै मिलेर सञ्चालन गर्नुपर्ने भन्दै उनले र अन्य पालिकाले पर्यटन पर्वद्धनका लागि पूर्वाधार निर्माणमा सहयोग गर्नुपर्नेमा जोड दिए । 'यहाँ निर्मित जिपलाइनमार्फत पर्यटकलाई थप आकर्षित गर्न अन्य स्थानीय तहले पर्यटकीय पूर्वाधार निर्माण गरेमा जिल्लामा नै पर्यटक भित्राउन सकिन्छ', अध्यक्ष पाण्डेले भने । उनका अनुसार निर्मित जिपलाइनमा दुई टावरबीचको दूरी नौ सय ६० मिटर रहेको छ भने कूल लम्बाइ एक हजार ८० मिटर र उचाइ ६७ मिटर छ । जिपलाइनमा प्रतिसेकेण्ड १५ देखि २० मिटर दूरी पार गर्न सक्नेछ ।सुरु स्टेशनबाट ५५ देखि ७७ सेकेण्डमा यात्रा पार गरिने पालिकाका प्रमुख प्रशासकीय अधिकृत रुद्रहरी पुरीले बताए । पर्यटकको तौल अनुसारमा यात्रा पार गर्न लाग्ने समय भने फरक पर्नेछ । प्रमुख प्रशासकीय अधिकृत पुरीले ८६ लाख ७३ हजार एक सय ४४ मा सानु सेतीदेवी कन्ट्रक्सन प्रालिले जिपलाइन निर्माण सम्पन्न गरेको हो । यसबाट यात्रा गर्न पालिकाबासीलाई चार सय, विद्यार्थीका तीन सय, छत्रकोटभन्दा बाहिरका नागरिकलाई पाँच सय र विदेशी नागरिकका एक हजार पाँच सय शुल्क तोकिएको पालिका कार्यालयले जनाएको छ । जिपलाइनमा चढ्ने प्रत्येक पर्यटकका लागि १० लाखको बिमा गरिएको प्रमुख प्रशासकीय अधिकृत पुरीले जानकारी दिए । हाल पालिकाले सञ्चालन गर्ने जिपलाइनको दिगो सञ्चालनका लागि पालिकाले निजी क्षेत्रलाई दिनेगरी तयारी भइरहेको भन्दै केहीदिनमा बोलपत्र आह्वानको तयारी गरिएको उनले बताए । जिपलाइन निर्माण भएसँगै पर्यटन प्रर्वद्धन हुने र रोजगारीका अवसर प्राप्त हुने भन्दै स्थानीय खुसी भएका छन् । स्थानीय उत्पादनको बजारीकरण, पर्यटक प्रवर्द्धनका साथै रोजगारीको अवसर सिर्जना हुने अपेक्षा स्थानीयले गरेका छन् । 'जिपलाइनले यस क्षेत्रमा थुप्रै मात्रामा रोजगारी सिर्जना गर्ने विश्वास लिएका छौं', स्थानीय भुवन भुसालले भने । जिपलाइनको नजिकै रिडी-तम्घास सडक पर्दछ । यहाँ वनभोजका लागि थुप्रै आन्तरिक पर्यटक आउने सम्भावना रहेको भन्दै भुसालले धार्मिक आस्थाका हिसाबले चोयघा मन्दिरमा पुग्ने धार्मिक पर्यटकको आगमन पनि बढ्ने उनले बताए ।

*-रासस*


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई